# कुशे गाउँपालिका
Kushe Rural Municipality
## गाउँ कार्यपालिकाको कार्यालय
Office of the Rural Municipal Executive
थर्पु भार्मा, जाजरकोट
Tharpu Bharma, Jajarkot

कर्णाली प्रदेश, नेपाल
Karnali Province, Nepal


पत्र संख्या : २०८१।०८२
चलानी नः

### गाउँपालिकाको प्रतिक चिन्ह (लोगो) निर्माण गर्ने सम्बन्धी सूचना ।
### (प्रथम पटक प्रकाशित मितिः२०८१।१२।०४)

यस गाउँपालिकाको पहिचान, ऐतिहासिकता, जनजीवन, भुगोल, आर्थिक, सामाजिक, सांस्कृतिक, धार्मिक, पर्यटकीय लगायतका क्षेत्रलाई समेटेर प्रतिक चिन्ह (लोगो) बनाउनुपर्ने आवश्यकता देखिएकोले ईच्छुक व्यक्ति एवम् संस्थाले तपसिल बमोजिमका शर्तहरुको अधिनमा रहि प्रतिक चिन्ह (लोगो) निर्माण गरी सोको e-copy गाउँपालिकाको ईमेल ठेगाना kusheruralmunicipality@gmail.com वा कार्यालयमा यो सूचना प्रकाशन भएको मितिले ३० दिन भित्र पेश गर्नुहुन यस गाउँपालिकाको मिति २०८१।११।२७ गतेको गाउँ कार्यपालिकाको निर्णयानुसार सूचना प्रकाशन गरिएको छ।

शर्तहरुः

१. गाउँपालिकाको नाम, भौगोलिक नक्सा, राष्ट्रिय झण्डा, गाउँपालिकाको नारा र स्थापना मिति अनिवार्य समावेश भएको हुनुपर्नेछ ।

२. प्रतिक चिन्ह (लोगो) मा गाउँपालिकाको पहिचान, ऐतिहासिकता, जनजीवन, सांस्कृतिक चिनारी एवम् विशिष्ट पहिचान झल्कनु पर्नेछ ।

३. प्रतिक चिन्ह (लोगो) निर्माण गर्दा मौलिकता र श्रृजनात्मकतालाई विशेष ख्याल गर्नुपर्नेछ ।

४. प्रतिक चिन्ह (लोगो) रंगिन हुनुपर्नेछ साथै (लोगो) मा प्रयोग भएका संकेतहरुको संक्षिप्त व्याख्या गर्नुपर्नेछ ।

५. प्रतिक चिन्ह (लोगो) मा कुनै पनि जातीय विभेद, साम्प्रदायिकता, सार्वभौमसत्ता, राष्ट्रिय एकता र अखण्डतामा खलल आउन सक्ने संकेत प्रयोग गर्न पाईने छैन ।

६. मुल्याङ्कन तथा छनौट सिफारिस समितिले प्राप्त भएका प्रतिक चिन्हमा आवश्यक परिमार्जन गर्न आग्रह गरेमा सो अनुसारको परिमार्जन गरिदिनुपर्नेछ।

७. मुल्याङ्कन तथा छनौट सिफारिस समितिबाट प्राप्त चिन्हलाई उपयुक्त नठानेमा पुनः प्रतिक चिन्ह (लोगो) निर्माणका लागि सूचना आव्हान गर्न सकिनेछ।

८. प्रतिक चिन्ह (लोगो) पेश गर्दा अनिवार्य रुपमा निर्माणकर्ताले आफ्नो नागरिकताको छाँयाप्रति र अन्य आवश्यक विवरण पेश गर्नुपर्नेछ।

९. प्रतिक चिन्ह (लोगो) को स्वीकृती सम्बन्धी सम्पुर्ण अधिकार गाउँ कार्यपालिकालाई हुनेछ।

१०. स्वीकृत प्रतिक चिन्ह (लोगो) को सर्वाधिकार गाउँपालिकामा रहनेछ र निर्माणकर्ताले अन्यत्र प्रयोग गर्न पाईने छैन।

११. छनौट भएको प्रतिक चिन्ह (लोगो) निर्माणकर्तालाई रु २५,०००।(अक्षरेपी पच्चीस हजार रुपैया मात्र) पुरस्कार स्वरुप प्रदान गरिनेछ।

प्रेम राज थापा
प्रमुख प्रशासकीय अधिकृत
०८१।१२।०४



CamScanner